आज मिति २०७५।०८।३० गते यस चौदण्डीगढी नपा. नगर प्रमुख श्री खगेन्द्र राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बोर्ड बैठक बसियो ।

## तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - ,, ,, २
५. श्री परशुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देवनारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई - ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ७
१०. श्री श्याम बहादुर मगर - ,, ८
११. श्री प्रकाश राउत - ,, ९
१२. श्री राम कुमार खड्का - ,, १०
१३. श्री देवि कार्की - न.का.स.
१४. श्री जानुका कमर - ,,
१५. श्री मदन कुमारी कार्की - ,,
१६. श्री विमला राई - ,,
१७. श्री डोमा शेर्पा - ,,
१८. श्री अस्मिता नेपाली - ,,
१९. श्री प्रमिला दनुवार - ,,
२०. श्री सुन्दर प्रकाश साह - ,,

## प्रस्तावहरु

१. निमित्त प्रमुख प्रशासकिय अधिकृतको आर्थिक अधिकार माग गर्ने सम्बन्धमा ।
२. दमकल कर्मचारी सम्बन्धमा ।
३. आर्थिक सहयोग सम्बन्धमा ।
४. नेपाल घरेलु महासंघ नगर समितिको माग सम्बन्धमा ।

Scanned by CamScanner

(५) वडा नम्बर ३ को बजार व्यवस्थापन सम्बन्धमा ।
(६) प्राविधिक कर्मचारी सम्बन्धमा ।
(७) छठ पर्व खर्च सम्बन्धमा ।
(८) आगलागीको राहात सम्बन्धमा ।
(९) प्रदेश द्वारा वडा नं. १ मा परेको खानेपानी योजनाको नाम संशोधन बारे।
(१०) कन्ट्रक्शन दर्ता सम्बन्धमा ।
(११) अस्थायी ओभरसियर सम्बन्धमा ।
(१२) नगर स्तरीय ३० लाखे वडाका योजनाहरु संचालन सम्बन्धमा।
(१३) अपाङ्गता परिचय पत्र सम्बन्धमा ।
(१४) विविध सम्बन्धमा ।

निर्णयहरु

नि.नं.१ प्रस्ताव नम्बर १ माथि छलफल गर्दा (यस कार्यालयका - प्रमुख प्रशासकिय अधिकृत श्री राजेन्द्र कार्कीको नेपाल सरकार सचिवस्तरको मिति २०७२।०७।०८ गतेको निर्णय बाट यो का नगरपालिका काठमाडौं सरुवा भएको र हाल यस न.पा. मा अर्को प्रमुख प्रशासकिय अधिकृत नआउनु भएको र यस नपा.का प्रशासकिय अधिकृत श्री जंगम राई हाल निमित्त प्रमुख प्रशासकिय अधिकृतको कामकाज गरि रहनु भएको हुँदा अर्को व्यवस्था नभए सम्मकोलागी निज निमित्त प्र० प्र० अधिकृत श्री जंगम राईलाई आर्थिक अधिकार ~~सहित~~ समेत दिने आवश्यक व्यवस्थाको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

नि.नं.२ प्रस्ताव नम्बर २ माथि छलफल गर्दा (यस न.पा.को दमकलमा प्रयाप्त कर्मचारी नभएको कारण यस न.पा. को वडा नं. ६ बस्ने अम्बर बहादुर दाहाल २०४८ सालबाट विरगंज नगरपालिका पर्सामा दमकलमा फायरमेन पदमा रहिकामकाज गरिरहनु भएको दक्ष फायरमेन भएको हुँदा निजलाई यस न.पा.को दमकलमा फायरमेन पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

नि.नं.३ प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ बस्ने धर्मेन्द्र कुमार चौधरीको छोरा वर्ष ६ को प्रजवल कुमार चौधरी ट्रयाक्टर दुर्घटनामा परि टाउकोको अप्रेशन समेत गराई रहेको हुँदा निजको माग बमोजिम उपचार खर्च राहत सहयोग बापत रु. २०,०००।- बीस हजार दिने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा नेपाल घरेलु तथा साना उद्योग महासंघ चौदण्डीगढी नगर समितिको माग सम्बन्धमा न.पा.मा उपलब्ध बजेट तथा माग भएका कार्यक्रमहरु - प्राथमिकताका आधारमा छनौटगरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

नि.नं.५ प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा वडा नं. ३ को मंगलबारे बजार व्यवस्थापनको लागी प्राविधिक रुपमा अनुगमन तथा स्टिमेट गराई न.पा.को मर्मत संभार कोष बाट आवश्यक रकम उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.६ यस न.पा.को स्वीकृत दरबन्दी बमोजिम नेपाल सरकारबाट हाल सम्म प्राविधिक कर्मचारीहरु नपठाएको र न.पा.मा ३ जना मात्र प्राविधिक कर्मचारी भएको कारण योजना कार्यान्वयनमा समस्या भएकोले तत्कालको लागि ओभरसियर पदमा कर्मचारी राख्ने पूर्व बोर्ड निर्णय बमोजिम पर्न आएका निवेदन अनुसार तपसिलका २ जना प्राविधिक कर्मचारी नियुक्ति गरी वडा हरुको कलष्टर बनाई काममा खटाउने निर्णय गरियो ।

तपसिल

१. सावन कुमार पाईक - हनुमाननगर, सप्तरी

२,

नि.नं.७ प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा यस नगरमा बसोबास विभिन्न वडाका विभिन्न बस्तीहरुमा मनाइने छठ पर्वको लागि आर्थिक सहयोग माग भएको ~~हुँदा निम्नानुसार छठ पर्व संचालन खर्च उपलब्ध गराउने निर्णय गरियो ।~~

~~तपसिल~~ साथै वेल्हा बजार बाट समेत विवादित रुपमा दुई समूहबाट माग आएको हुँदा नगर स्तरीय पिछडा वर्ग ~~संयोजकको सोहवतमा~~ समितिमा उक्त दुवै समूह संग छलफल गरी आगामी बैठकमा निर्णय गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

__नि.नं.८__ प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा यस न.पा.वडा
* √ नं. ७ र ६ मा भएको आगलागि सम्बन्धमा प्रहरी मुचुल्का, वडाको सिफारिस सहित राहत माग भई आएको हुँदा ~~तपसिलले अनुसार राहत उपलब्ध गराउने निर्णय गरियो।~~
तपसिलले, राहत सम्बन्धी व्यवस्थाको लागी तत्काल राहत वितरण कार्यविधि बनाई उक्त कार्यविधि बमोजिम राहत उपलब्ध गर्ने निर्णय गरियो।

__नि.नं.९__ प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा यस न.पा.को वडा नम्बर १ चौदण्डीको लागि प्रदेश मन्त्रालय बाट सुनकोशी खानेपानी भनि योजना परेको हुँदा न.पा.को स्वीकृत कार्यक्रम तथा ~~सिफारिस~~ योजना माग सिफारिसमा समेत बलेनी लिफ्टीङ्ग खानेपानी नाम राखी माग गरिएको हुँदा उक्त खाने पानी योजनाको नाम परिवर्तन गरी बलेनी लिफ्टीङ्ग खानेपानी नामाकरण गर्ने र सो ही अनुसार प्रदेश मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो।

__नि.नं.१०__ प्रस्ताव नम्बर १० माथि छलफल गर्दा यस न.पा.को
* √ स्थानीय तह "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा बमोजिम प्रक्रिया पुरा गरी यस कार्यालयमा दर्ता हुन आएको साङ्गो हाइलेङ्गा ~~कन्स्ट्र~~ कन्सट्रक्शन, कम्पनी दर्ता नं. १८५८१० प्रा. लि. लाई 'घ' वर्गको निर्माण इजाजत दिने निर्णय गरियो।

__नि.नं.११__ प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग हुलाकी राजमार्ग निर्देशनालय इटहरी, सुनसरीको माग सिफारिस अनुसार कसरत संचालन सम्बन्धी प्रचलित ऐन तथा हुलाकी राजमार्ग सम्बन्धी ऐन बमोजिम आवश्यक बुझी नियमानुसार हुनेगरी आवश्यक कार्वाही अगाडी बढाउने निर्णय गरियो।

Scanned by CamScanner

नि.नं. १२ प्रस्ताव नम्बर १२ माथि छलफल गर्दा यस न.पा. बाट चालु आ.व.मा नगर स्तरीय योजना अन्तर्गत वडा हरूमा विनियोजित ३० लाख बजेट हरूको विनियोजित रकमहरु कार्यान्वयन तथा संचालन को आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

नि.नं.१३ प्रस्ताव नम्बर १३ माथि छलफल गर्दा नेपाल सरकारबाट अपाङ्गता परिचय पत्र वितरण सम्बन्धि विधयक पारित नभए सम्मको लागी तत्कालिन ऐनको आधारमा नपाको १० वटै वडामा वडा स्तरबाट अपाङ्गता सम्बन्धी विवरण संकलन गर्ने र न.पा.को महिला विकास शाखा संग समन्वय गरी वडाको सिफारिस तथा प्रा.स्वा.के. बल्टारको डाक्टरी रिपोर्ट सिफारिसको आधारमा वर्ग निर्धारन गरी नगर भरीको अपाङ्गता भएका व्यक्तिहरूको विवरण संकलन गरी अर्को व्यवस्था नभए सम्मको लागी नपा. बाट परिचय पत्र वितरण गर्ने निर्णय गरियो । साथै उक्त कार्यको लागी तपसिल बमोजिमको समिति समेत गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री नगर प्रमुख – संयोजक
२. श्री उप-प्रमुख – सदस्य
३. श्री प्रमुख प्रशासकीय अधिकृत – सदस्य
४. श्री प्रा.स्वा.के. इं० – सदस्य
५. श्री म.वि.शा.अ० – सदस्य सचिव
६. श्री सामाजिक विकास समिति संयोजक – सदस्य

नि.नं.१४ प्रस्ताव नम्बर १४ माथि छलफल गर्दा मिति २०७४ साल मंसिर महिना बाट यस नपा.को प्रमुख प्रशासकिय अधिकृत पदमा कार्यरत श्री राजेन्द्र कार्की ज्यूको नेपाल सरकार सचिवस्तरको निर्णय बाट रोखा नगरपालिका काममा सरुवा भएको हुदा यस नपा.मा रहि न.पा.को संचालन तथा विकासमा पुर्याउनु भएको योगदानको कदर गर्दै आगामी कार्यकालको शुभकामना सहित हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । साथै कृषिप्रसार अधिकृत श्री उदयना०

Scanned by CamScanner

प्रस्ताव : मिति २०७४ साल भाद्र महिना बाट यस कार्यालयको कृषि शाखा प्रमुख भई कार्यरत रहनु भएकोमा नेपाल सरकार बाट प्रधानमन्त्री कृषि आधुनिकिकरण जोन अदुवा बेसार उदयपुरमा सरुवा भएको हुँदा वहाँको आगामी दिनको सफलताको शुभकामना सहित यस न.पा. मा पुर्‍याउनु भएको योगदानको लागी हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।